परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक




❑ वर्ष १४ ❑ अंक ४१ २०८३ जेष्ठ ३ आइतवार Sunday, 17 MAY 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## पतिको दीर्घायूको कामना र दाम्पत्य जीवनको सुख समृद्धिको कामना गर्दै बरसाइत सम्पन्न्

विराटनगर। तराई मधेशका विवाहित महिलाहरुले पतिको दीर्घायुको कामना र दाम्पत्य जीवनको सुख समृद्धिको कामना गदै शनिवार बरसाइत (बट सावित्री) पर्व सम्पन्न गरेकी छिन्।

खासगरी रातो रंगको नयाँ पहिरनमा सोह्र श्रृंगार गरेर महिलाले सौभाग्य-समृद्धिका लागि वरको रूखमा दूध र जल चढाई श्रद्धापूर्वक बरसाइत (बटसाबित्री) पर्व मनाउने गरिन्छ। वरको रूखको मूलमा ब्रह्मा, विष्णु तथा अग्रभागमा शिवको बास हुने तथा सावित्री पनि सोही रूखमा प्रतिष्ठापित हुने मान्यताअनुसार पतिको दीर्घायुका लागि व्रत गर्ने गरेको महिलाहरुले वताउँछिन।

शनिवार विहानै देखि तराई मधेशको शहर देखि ग्रामिण बस्तीमा रहेको बरको रुखमुनि वरको रुखमुनि विवाहित महिलाहरु पुजा गर्न लाम लागेको थियो। नवविवाहिता महिलाले पहिलो वरसाइत (विहेपछि आउने पहिलो पर्व) अनिवार्य रुपमा श्रीमानकै घरमा मनाउनुपर्छ। अघिल्लो दिन नहायखाय (स्नान गरी सात्विक भोजन) गरेपछि सोह्र श्रृंगार अर्थात् लाउने लुगादेखि चुरासम्मका सबै श्रृंगार र पहिरनका सामग्री माइतबाटै पठाइन्छ।


सामूहिक रुपमा महिलाहरु बरसाइत मनाउँदै। तस्वीर : श्याम

सुरुमा ब्राह्मण, क्षेत्री, बैश्य र कायस्थले मात्र मनाउने पर्व अहिले सबै मगही, भोजपुरी, अवधी र मैथली समुदायका साथै तराईमा बसोबास गर्ने माडवारी लगायतका सबै समुदायको महिलाहरुले बरसाईत पर्व मनाउन थालेका छन्।

शनिवार बिहानै नुहाई रातो पहिरनमा नजिकको वर (बट) को रुखमुनि बसेर पानीमा भिजाएर उमारिएको चना, मुंग र चामल, काँक्रो, केरा, स्याउ, अंगुर, आँप, लिची र नरिवल प्रसादको रुपमा वरको जरामा चढाएर सिँदुरले रगाउँछन्। प्रसाद चढाइसकेपछि ब्रतालुले वरको रुखमा सात फेरो पहेलो र रातो धागोले बेर्छन्।

वरको रूखको पूजासँगै जेष्ठ महिलाले रुखमुनि गौरी, भगवती र विसहराको कथा भन्ने र अरुहरुले सुन्ने गर्छन्। पूजा सकिएपछि व्रत बस्ने महिलाले वरको पात कपालमा सिउरेर अटल सौभाग्यको वरदान माग्ने गर्छन्। ब्रतालु महिलाले बट सावित्री व्रतका दिन सिन्दूर, फल, फूल, अक्षता, बाँसको पंखा, चना र मिठाईले सावित्री, सत्यवान, नाग र यमराजको पूजा गर्छन्। नयाँ फल आँप, लिच्ची, केरा, भिजाएको चना आदी चढाएर पूजा गरी बाँसको पंखाले हम्कनाले शितलता प्राप्त विश्वास रहि आएको छ।

वांकी अन्तिम पेजमा...

## निजी क्षेत्रलाई साथ लिएर हिड्ने : मुख्य मन्त्री

विराटनगर। प्रदेशको आर्थिक चलायमानका लागि नीजि क्षेत्रलाई साथ लिएर हिड्ने कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले बताउनु भएको छ।

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको आज विराटनगरमा आयोजित चौथो कार्यकारिणी समितिको पदस्थापन समारोहको उद्घाटन गर्दै उहाँले नीजि क्षेत्रलाई डर र त्रास नदेखाई उनीहरुलाई सुरक्षाको प्रत्याभूति दिएर प्रदेशको समृद्धिको लागि साथमा लिएर हिड्ने प्रतिवद्धता जनाउनु भएको छ।

मुख्यमन्त्री कार्कीले वर्तमान दुई तिहाईको सरकार निर्माणले मुलुकमा राजनीतिक स्थिरता कायम भई नेपाली जनताले राहतको महसुश गर्ने र मुलुकको स्थिति सहज हुने विश्वास व्यक्त गर्दै आगामी वर्षको प्रदेशको बजेट उपलब्धि मुलुक क्षेत्रमा विनियोजन गर्नका लागि आफुले निर्देशन दिएको वताउनु भएको थियो।

मुख्यमन्त्री कार्कीले विकास भनेको बाटो र पुल मात्र नभएर सूचना प्रविधि र पर्यटन क्षेत्र समेत भएकोले त्यसमा लगानी गर्न नीजि क्षेत्रलाई आग्रह गर्दै प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ र ८४/८५ लाई भ्रमण वर्षको रुपमा घोषणा गर्ने र विदेशमा रहेका नेपाली दाजुभाई दिदी वहिनीहरुलाई निम्ता गरी मुलुक को पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने कार्य गरिने जानकारी समेत गराएका थिए।

मुख्यमन्त्री कार्कीले प्रदेशको कृषि उत्पादन निर्यात गरि आर्थिक गतिविधि वढाउन नेपालस्थित विदेशी कुटनिज्ञहरुको छलफल आगामी भदौमा गर्ने बताउनु भयो। विराटनगर महानगर पालिकाका प्रमुख नागेश कोइराला ले महानगर उद्योग व्यवसायीहरुको हितमा कार्य गर्ने प्रतिवद्धता जनाएका थिए।

महासंघका नव निर्वाचित अध्यक्ष राजेन्द्र बहादुर राउतले स्थिर सरकार र राजनीतिक स्थिरताले मुलुकको जलविद्युत,पर्यटन,उद्योग र कृषिको विकास भई आर्थिक

बांकी अन्तिम पेजमा...





क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## पतिको...

प्रेम, श्रद्धा र समर्पणको यो पर्व पवित्र प्रेमको पौराणिक कथामा आधारित छ। सनातन काल त्रेतायुगदेखि मनाउन थालिएको बट सावित्रीको पूजा गरेमा महिलाले अखण्ड सौभाग्यवतीको आर्शिवाद प्राप्त गर्ने विश्वास रहेको छ। पतिव्रता सावित्रीले यही पर्व गरेर मृत पति सत्यवानलाई यमराजबाट फिर्ता गरेको धार्मिक मान्यता छ।

## नीजी...

चलायमान हुनका साथ समृद्धि कायम हुने विश्वास व्यक्त गरेका थिए।

महासंघका उपाध्यक्ष दिप सुन्दर श्रेष्ठ, केन्द्रीय सदस्य सुयेश प्याकुरेल, पूर्व उपाध्यक्ष किशोर प्रधान, नरेन्द्र खड्का नेपाल उद्योग परिसंघका प्रदेश अध्यक्ष पवन शारडा लगायतले महासंघले उद्योग व्यवसायीहरुको हकहितका लागि सरकारसँग समन्वय गरि अगाडि वढ्नुपर्ने सुझाव दिएका थिए। सोही अवसरमा महासंघका प्रदेश अध्यक्ष राउत लगायतका पदाधिकारीलाई शपथ ग्रहण गरी पदस्थापन गरिएको थियो।




# बादल, हिमाल र संस्कृतिको संगम : पूर्वी नेपालको पर्यटन गन्तव्य बन्दै जेफाले डाँडा


विजय धिमाल

उर्लाबारी। मोरङको उत्तरी भेगमा पर्ने जेफाले डाँडा पछिल्ला वर्षहरूमा पूर्वी नेपालको उदीयमान पर्यटकीय गन्तव्यका रूपमा चर्चामा आउन थालेको छ।

केही वर्षअघिसम्म सीमित स्थानीयबाहेक धेरैलाई जानकारी नभएको यो डाँडा अहिले प्राकृतिक सौन्दर्य, हिमाली दृश्यावलोकन, सांस्कृतिक विविधता र सामुदायिक होमस्टेको अनुभवका कारण आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको हो। केरावारी गाउँपालिकाको वडा नम्बर २ मा पर्ने जेफाले डाँडा समुद्री सतहबाट करिब एक हजार ९ सय ७० मिटर उचाइमा अवस्थित छ। मोरङ-सुनसरी सीमाक्षेत्र नजिकको यो डाँडामा मौसमको अनौठो खेल पर्यटककालागि मुख्य आकर्षण बनेको छ। केही मिनेटअघिसम्म घाम लागिरहेको ठाउँ अचानक बाक्लो हुस्सुले ढाक्ने र फेरि केहीबेरमै मौसम खुल्ने दृश्यले यहाँ पुग्ने जो-कोहीलाई रोमाञ्चित बनाउँछ। यही कारण स्थानीयले यसलाई 'हावेचौरी' नामले समेत चिन्ने गरेका छन्।

जेफालेको परिचयलाई थप उचाइ दिएको छ, यहाँ निर्माण गरिएको ४२ फिट अग्लो चारतले भ्यू टावरले। टावरको माथिल्लो तलाबाट पूर्वका १६ जिल्लासम्मको दृश्यावलोकन गर्न सकिने स्थानीय बताउछन्। मौसम सफा भएका दिन विश्वकै सर्वोच्च शिखर सगरमाथा र कञ्चनजंघा समेत देख्न सकिने स्थानीयको दाबी छ।

जेफाले पर्यटन विकास समितिका सदस्य भीम ठकुरीका अनुसार सामाजिक सञ्जालमा तस्वीर र भिडियोहरू भाइरल हुन थालेपछि यहाँ पर्यटकको आगमन उल्लेख्य रूपमा बढेको छ। "पहिला यो ठाउँको नामसमेत धेरैलाई थाहा थिएन, अहिले दैनिकजसो घुम्न आउनेको संख्या बढिरहेको छ," उनी भन्छन्।



जेफाले पुग्न दुई प्रमुख मार्ग छन्। एउटा भेडेटार-राजारानी हुँदै सम्बेवा चोकबाट जाने बाटो हो भने अर्को मोरङको केरावारी हुँदै पुग्ने सडक। केरावारीको बिहीबारे बजारबाट करिब तीन सय मिटर उत्तर लागेपछि झन्डै एक हजार, आठ सिँढी उक्लिएर भ्यू टावर पुग्न सकिन्छ।

प्राकृतिक सुन्दरतासँगै यहाँ धार्मिक र सांस्कृतिक पक्ष पनि उत्तिकै बलियो छ। भ्यू टावरको दक्षिण-पश्चिममा रहेको पाथीभरा देवी मन्दिर धार्मिक पर्यटकको आकर्षण बनेको छ। साँझपख मगर समुदायको हुर्रा नाच र लिम्बू समुदायको धान नाचले यहाँ आउने पाहुनालाई स्थानीय संस्कृतिसँग नजिक बनाउँछ।

पर्यटनलाई व्यवस्थित बनाउन बिहीबारे क्षेत्रमा सामुदायिक होमस्टे सञ्चालनमा ल्याइएको छ। हाल नौ घरमा होमस्टे सेवा उपलब्ध छ, जहाँ पाहुनालाई स्थानीय उत्पादनबाट बनेका परिकार खुवाइन्छ। लोकल कुखुराको मासु, ढिँडो र सिस्नु, स्कुसको मुन्टा, कोदो/फापरको रोटि आलु तरकारी यहाँका विशेष परिकार हुन्। होमस्टे सञ्चालकका अनुसार फागुन देखि असारसम्म पर्यटकको चाप उच्च रहने गर्छ। यही अवधिमा एक होमस्टेबाट मासिक एक लाखदेखि डेढ लाख रुपैयाँसम्म आम्दानी हुने गरेको छ। पर्यटनले स्थानीयलाई गाउँमै रोजगारी र आम्दानीको विकल्प दिएको उनीहरूको भनाइ छ।

स्थानीयवासी भने जेफालेको सम्भावना अझै ठूलो रहेको बताउँछन्। सडक स्तरोन्नति, सञ्चार सुविधा विस्तार र सुरक्षाको भरपर्दो व्यवस्थापन गर्न सके यो गन्तव्य पूर्वकै चर्चित पर्यटकीय केन्द्रका रूपमा स्थापित हुन सक्ने उनीहरूको विश्वास छ।

बादलले ढाकिएको डाँडा, आँखाअगाडि फैलिने हिमालको दृश्य, गाउँलेको आत्मीय आतिथ्य र संस्कृतिको जीवन्त प्रस्तुति– यी सबैले जेफाले डाँडालाई पूर्वी नेपालको नयाँ आकर्षक गन्तव्यका रूपमा विस्तारै स्थापित गर्दै लगेका छन्।


## पानीको सदुपयोग र स्रोतको संरक्षण गरौं।

- धारा खोल्ला छोड्ने बानी त्यागौं,
- वर्षाको पानी संकलन र पुन: प्रयोग प्रणाली अपनाऔं,
- नदी, ताल, पोखरी तथा मुहानहरूमा फोहर नफालौं,
- घर तथा कृषि क्षेत्रमा पानी बचत गर्ने प्रविधि प्रयोग गरौ,
- प्लास्थिक तथा रसायनिक पदार्थले पानी प्रदुषण नगरौं,
- वृक्षा रोपन गरी जलस्रोत संरक्षण गरौं,
- भावी पुस्ताका लागि पानी बचत गर्ने बानी बसालौं,

पानी जीवन हो-यसको संरक्षण हाम्रो कर्तव्य हो।

नेपाल सरकार, विज्ञापन बोर्ड




SEE
उतीर्ण सम्पूर्ण बिद्यार्थीहरुलाई
हार्दिक बधाई
साथै
उच्च शिक्षाका लागि
शुभकामना
021-475822
021-475149
Tintoliya, Biratnagar - 10
arniko470149@gmail.com
www.arnikofoundation.edu.np
facebook.com/arnikobrt




परिवर्तनको लागि क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रबन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# कम बोलौं, बढी काम गरौं

नेपालको राजनीतिमा जेन्जी आन्दोलबाट उदाएको बालेन साह नेतृत्वमा बनेको सरकार कम बोलेर बढीमा गरेको छ । कम बोलेकै कारण र संघिय संसदमा थोरै समय दिएको कारण त्यसको विपक्षी सांसदहरुले विरोध समेत जनाएका छन् । ठूला-ठूला भाषण दिएर ठूलै भ्रष्टाचार गर्ने नेताहरुलाई कम बोलेको प्रधानमन्त्री मन परेको छैन । विरोध गर्ने गफाडीहरुको कुरा सुन्नु भन्दा नबोली काम गरेकोमा आम नेपाली जनता खुशी नै छन् । अहिले नेपाली राजनीतिमा फरक शैलीका नेतृत्वका रूपमा चिनिएका छन् । धेरै भाषण गरेर लोकप्रिय बन्नेभन्दा पनि काम गरेर परिणाम देखाउने उनको शैलीले विशेष चर्चा पाएको छ। "कम बोल्ने, बढी काम गर्ने" नेतृत्वको उदाहरणका रूपमा उनलाई धेरै युवाले आशाको प्रतीक मानेका छन् ।

वर्षौंदेखि बेवास्ता गरिएका समस्यामा उनले प्रत्यक्ष हस्तक्षेप गरेपछि सर्वसाधारणले परिवर्तनको अनुभूति गर्न थाले थालेका छन् । अर्को तिर भोले नेताहरु बालेन सर कारको विरोध गरेका छन् । त्यसता सानो तिनो विरुद्धले केही हुनेवाला छैन । काम गर्ने क्रममा बालेन सरकारले र ाजनीतिक दवाबभन्दा कानुन र नियमलाई प्राथमिकता दिएको देखिन्छ । बालेनको अर्को विशेषता भनेको अनावश्यक विवादमा धेरै नबोल्नु हो । सामाजिक सञ्जाल र सार्वजनिक कार्यक्रममा सीमित प्रतिक्रिया दिने उनी प्राय : काम मार्फत जवाफ दिन रुचाएका छन् ।

दीर्घकालीन सुधारका लागि पारदर्शिता, समन्वय र निर न्तरता आवश्यक हुन्छ । कतिपय निर्णयमा आलोचना पनि भएका छन् । त्यसैले बालेनले आलोचनालाई सकारात्मक रूपमा ग्रहण गर्दै कानुनी र लोकतान्त्रिक प्रक्रियालाई अझ बलियो बनाउनु जरुरी छ । उनले यही गति, इमानदारी र उत्तरदायित्व कायम राख्न सके भने उनी नयाँ पुस्ताका सक्षम नेतृत्वको प्रतीक बन्न सक्छन् । त्यसैले सानो तिनो विरोधको पछाडी नलागेर काम मार्फत नै जनतालाई जवाफ दिनु नै उचित रहेको छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोर ञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क, कि, कु, घ, ङ, छ, के, को, ह)** : युवा वर्गका लीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

**कन्या (टो, प, पी, पू, ष, ण, ठ, पे, पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा, री, रु, रे, रो, ता, ती, तु, ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो, ना, नि, नू, ने, नो, या, यि, यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो, भा, भी, भू, ध, फा, ढ, भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी, दु, थ, झ, ञ, दे, दो, च, ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

# सुकुमबासीलाई समस्या देख्ने कि अवसर ?

डा. आरसी लामिछाने

- नेपालको भूमिहीन तथा सुकुमबासी समस्यालाई दशकौंदेखि राजनीतिक नाराबाजी र टालटुले समाधानले झन् जटिल बनाएको छ, तर यसलाई राष्ट्रिय पुनर्निर्माणको अवसरका रूपमा हेरिनुपर्छ ।
- राष्ट्रिय भूमि आयोगका अनुसार ११ लाखभन्दा बढी परिवार भूमि तथा व्यवस्थित बसोबास समस्यासँग जोडिएका छन्, जसमध्ये करिब दुई देखि तीन लाख परिवारलाई तत्काल पुनर्स्थापना आवश्यक पर्ने देखिन्छ ।
- भूमिहीनतालाई अवसरमा बदल्दै एकीकृत बस्ती तथा उत्पादन मोडेलमार्फत करिब तीन लाख भूमिहीन परिवारलाई पुनर्स्थापन गर्दा सामाजिक तनाव अन्त्य भई नेपालको आर्थिक तथा सामाजिक संरचनामा ऐतिहासिक परिवर्तन ल्याउन सकिन्छ ।

महान् वैज्ञानिक अल्वर्ट आन्स्टाईनका अनुसार, 'एउटा सोचको तहबाट सिर्जना भएको समस्या, त्यही तहको सोचबाट समाधान हुन सक्दैन । समस्या समाधान गर्न खोजिएको हो भने सोचको तह बदल्नै पर्छ ।' नेपालको भूमिहीन तथा सुकुमबासी समस्या पनि ठिक त्यही अवस्थामा छ ।

दशकौंदेखि यो विषयलाई राजनीतिक नाराबाजी, अस्थायी आयोग, टालटुले वितरण र चुनावी आश्वासनको माध्यमबाट हेरियो तर समस्या समाधान हुनुको सट्टा झन् जटिल बन्दै गयो । कारण स्पष्ट छ, समस्यालाई समस्या जस्तै गरेर मात्र हेरियो, अवसरका रूपमा हेरिएन । जबसम्म राज्यले भूमिहीन अवस्थालाई गरिबी, अव्यवस्था र राजनीतिक बोझका रूपमा मात्र हेर्छ, तबसम्म यो समस्या समाधान हुँदैन ।

तर जुन दिन राज्यले यही जनशक्तिलाई उत्पादनशील शक्ति, श्रमशक्ति र नयाँ आर्थिक आधारका रूपमा हेर्न सुरु गर्छ, त्यही दिनबाट नेपालमा सामाजिक तथा आर्थिक रूपान्तरणको नयाँ अध्याय सुरु हुनेछ । विगतमा गरिब, किसान र सुकुमबासीको नाममा राजनीति गर्ने धेरै शक्तिहरू सत्तामा पुगे । तर उनीहरूले यो समस्यालाई राष्ट्रिय पुनर्निर्माणको अवसरका रूपमा उपयोग गर्न सकेनन् ।

त्यसैले बालेन नेतृत्वको सरकारसँग इतिहास बदल्ने दुर्लभ अवसर छ । अब सरकार समक्ष मूल प्रश्न के हो भने के नेपाल फेरि पुरानै शैलीमा समस्या धकेलिरहने देश बन्नेछ वा यही अवसरलाई उपयोग गरेर नयाँ इतिहास निर्माण गर्नेछ ? के वर्तमान सरकारसँग लाखौं नागरिकको जीवन बदल्दै नेपाललाई आधुनिक, व्यवस्थित र उत्पादनमुखी राष्ट्रमा रूपान्तरण गर्ने साहस छ ? इतिहासले सधैं अवसर दिन्न, तर जब दिन्छ, त्यसलाई समात्ने राष्ट्रहरू नै अगाडि बढ्छन् ।

पछिल्लो समय राष्ट्रिय भूमि आयोगद्वारा सङ्कलित विवरणअनुसार नेपालमा करिब ८८ हजार भूमिहीन दलित, १ लाख ६७ हजार भूमिहीन सुकुमबासी र ८ लाख ६७ हजार अव्यवस्थित बसोबासी परिवार रहेका छन् । अर्थात् ११ लाखभन्दा बढी परिवार कुनै न कुनै रूपमा भूमि तथा व्यवस्थित बसोबास समस्यासँग जोडिएका छन् । यद्यपि, व्यावहारिक रूपमा तत्काल पुनर्स्थापना आवश्यक पर्ने परिवारको सङ्ख्या करिब दुई देखि तीन लाखबिचमा हुन सक्ने देखिन्छ ।

यी परिवारलाई योजनाबद्ध रूपमा आर्थिक केन्द्र नजिक पुनर्स्थापन गरियो भने नेपालले पाँच वर्षभित्रै अव्यवस्थित बस्ती, वन अतिक्रमण, जोखिम युक्त बसोबास, बेरोजगारी र अव्यवस्थित सहरीकरणजस्ता समस्यालाई उल्लेखनीय रूपमा घटाउन सक्छ । वास्तवमा भूमिहीनता भनेको केवल घर नहुनु मात्र होइन । यो बेरोजगारी, कमजोर उत्पादन प्रणाली, सामाजिक असुरक्षा, नदीकिनार अति क्रमण, वन विनाश र दीर्घकालीन राष्ट्रिय योजना अभावसँग जोडिएको राष्ट्रिय चुनौती हो ।

यो समस्याका कारण हजारौं परिवार आफ्नै देशमा शरणार्थी जस्तो जीवन बिताउन बाध्य छन् । उनीहरूसँग नागरिकता छ, मताधिकार छ, तर सम्मानजनक जीवनको आधार छैन । तर फरक तरिकाले सोच्ने हो भने यही समुदाय नेपालकै सबैभन्दा ठुलो सम्भावना पनि हो । राज्यले उनीहरूलाई 'समस्या' नभई 'राष्ट्र निर्माणको साझेदार' का रूपमा हेर्ने हो भने यही जनशक्तिले नेपालको सामाजिक र आर्थिक संरचना बदल्न सक्छ ।

संसारका धेरै राष्ट्रहरूले कमजोर समुदायलाई बोझका रूपमा नभई विकासको ऊर्जा बनाएर प्रगति गरेका छन् । अब नेपालले पनि त्यही बाटो समाउनु पर्ने समय आएको छ ।

नेपालमा करिब तीन लाख भूमिहीन परिवार रहेको अनुमान गरिन्छ । यदि प्रत्येक परिवारलाई न्यूनतम आठ आना जमिन, सुरक्षित आवास, करेसाबारी, शिक्षा, स्वास्थ्य र रोजगारीसँग जोडिएको 'एकीकृत बस्ती तथा उत्पादन मोडेल' अन्तर्गत पुनर्स्थापन गरियो भने नेपालले दशकौं पुरानो सामाजिक तनाव अन्त्य गर्न सक्छ ।

तीन लाख परिवारका लागि करिब सात हजार पाँच सय हेक्टर जमिन पर्याप्त हुन सक्छ, जुन राष्ट्रिय स्तरमा असम्भव क्षेत्रफल होइन । वास्तवमा यो जमिनको समस्या भन्दा पनि व्यवस्थापन, इच्छाशक्ति र प्रस्ट दृष्टिकोणको प्रश्न हो । अहिले देशभरि अव्यवस्थित रूपमा प्रयोग भइरहेका धेरै जमिन वैज्ञानिक व्यवस्थापन मार्फत पुन: राज्यको नियन्त्रणमा आउन सक्छन् ।

त्यसकारण जमिनका बारेमा देशले चिन्ता लिनु पर्दैन । यसरी व्यवस्थापन गर्न सक्दा एकातर्फ खोलाकिनार, जङ्गल क्षेत्र र जोखिमयुक्त बस्तीहरू व्यवस्थित हुनेछन भने अर्कोतर्फ उद्योग, निर्माण, कृषि र सेवा क्षेत्रमा आवश्यक श्रमशक्ति आर्थिक केन्द्र नजिक केन्द्रित हुन्छ । यही सोचका आधारमा सरकारले दमक, इटहरी, विराटनगर, जनकपुर, वीरगञ्ज, हेटौडा, भरतपुर, बुटवल, पोखरा, नेपालगञ्ज, धनगढी लगायत आर्थिक केन्द्र नजिक योजनाबद्ध आधुनिक बस्ती विकास गर्न सक्छ ।

यसले यी बस्तीहरूलाई आधुनिक नेपालको आर्थिक उत्पादन केन्द्रका रूपमा रुपान्तरण गर्न सक्छ । यस्ता एकीकृत बस्तीहरूले ठुला सहरलाई आवश्यक जनशक्ति, उत्पादन र सेवा आपूर्ति गर्नेछन् र देशलाई योजनाबद्ध सहरीकरणतर्फ लैजानेछन् । राज्यसँग स्पष्ट दृष्टि, दृढ राजनीतिक इच्छाशक्ति र परिणाममुखी कार्यसंस्कृति हुने हो भने यो योजना दशकौं लाग्ने परियोजना होइन ।

उच्चस्तरीय राष्ट्रिय प्रतिबद्धतासहित काम गर्ने हो भने आगामी दुई वर्षभित्रै आधारभूत रूपान्तरण सुरु गर्न सकिन्छ । पहिलो तीन

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरिसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# मोरङ्गको धनपालथान गाउँपालिका वडा नं. ४ मा रहेका मन्दिरको परिचय

श्याम सुन्दर सुतिहार

**६. नेपाल सन्तमत सत्संग मन्दिर, कर्सिया हरकपुर**




धनपालथान गाउँपालिका वडा नं. ४ स्थित हरकपुरको कर्सिया टोलमा, सडकको उत्तरपट्टि नेपाल सन्तमत सत्संग मन्दिर अवस्थित छ।

यो मन्दिर स्व. शिवनन्दन साह र दुर्गादेवी साहको स्मृतिमा, छोरा-बुहारी बम बहादुर र चन्द्रकला देवी साहले १ कट्ठा जग्गा दान दिएर वि.सं. २०६९ मा स्थापना गरिएको हो ।

मन्दिरका संस्थापक-संरक्षक अरुणकुमार साह तथा श्रीमती कम्पाकुमारी साह हुन्। उनका छोरा कृष्णमोहन, नरेन्द्र साह, संविधानसभा सदस्य माननीय गंगा डागीको सभासद विकास कोष र अन्य थुप्रै सहयोगीहरूको सहयोगमा भुइँतल्ला निर्माण भएको हो। मन्दिर र धर्मशालाको सम्पूर्ण ईंटा दिलीपकुमार अग्रवालले प्रदान गरेका थिए ।

२०७६ साल बैशाख १५ गते प्रदेश सभा सदस्य माननीय ज्ञानेश्वर राजवंशीले मन्दिरको पहिलो तल्लाको शिलान्यास गरेका थिए। त्यसपछि, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश १ का मन्त्री माननीय जगदिश कुशियत र स्वामी ओमानन्द जी महाराजद्वारा मन्दिर उद्घाटन २०७६ माघ ६ गते सम्पन्न गरिएको थियो ।

मन्दिर निर्माणमा अरुणकुमार साह, निर्माण समितिका अध्यक्ष डामाई चौधरी तथा सम्पूर्ण समितिको योगदान रहेको छ।

यस मन्दिरमा प्रत्येक शुक्रबार साप्ताहिक सत्संग हुने गर्छ । हरेक वर्ष मंसिर महिनामा दुई दिन केन्द्रीय सत्संग र तीन दिनको ध्यान कार्यक्रमसमेत आयोजना हुने गरेको छ ।

---

**७. कबीर कुटी, लखन्तरी**



धनपालथान गाउँपालिका वडा नं. ४ को लखन्तरी टोलस्थित बाटोको पूर्वपट्टि कबीर कुटी रहेको छ ।

करिब ५० वर्ष पहिलेको कुरा हो । बैरागिनी (पुजनी दासीन) महिला थिइन् ।

विवाह भएको केही समयपछि हैजाका कारण श्रीमानको मृत्यु भयो । श्रीमानको मृत्युपछि उनले आफ्नो नाममा रहेको १ विघा १० कट्ठा खेतीयोग्य जग्गा र ४ कट्ठा कुटीको लागि छुट्याइदिइन् । त्यस जमिनमा माटो, बाँस, परालबाट कुटी निर्माण गरेकी थिइन्। स्थानीय ५० वर्षिय वीरेन्द्रप्रसाद मण्डलका अनुसार, त्यसबेलादेखि साधु-सन्तहरूले त्यस ठाउँमा सत्संग गर्दै आएका छन् ।

वि.सं. २०७० देखि हालसम्म धनुषा जिल्लाको भरतपुर नगरपालिकाबाट आएका महन्थ धर्मदेव दास (७० वर्ष) कुटीमा बस्दै आएका छन् । उनले यहाँ आएकै वर्ष पक्की कुटीको शिलान्यास गराए ।

कुटी परिसरमै जग्गादाता बैरागिनीको स्मारकसमेत निर्माण गरिएको छ। वडा नं. ४ का पूर्व अध्यक्ष रोशन राजवंशी र हालका अध्यक्ष राम चौधरीको सहयोगमा पक्की कुटी निर्माण भइरहेको अवस्थामा रहेको देखिन्छ ।

कुटीमा प्रत्येक आइतबार साप्ताहिक सत्संग र प्रत्येक वर्ष माघे पूर्णिमामा १०० देखि१५० जना साधु-सन्तहरू भेला भई सत्संग तथा भण्डारा गर्ने चलन छ ।

---

**८. श्री महाराज सुरमा सलहेस मन्दिर**



धनपालथान गाउँपालिका वडा नं. ४, (गाउँपालिका कार्यालयबाट सिधै दक्षिणतर्फ) खेतको बीचमा श्री महाराज सुरमा सलहेस मन्दिर निर्माण भइरहेको देख्न सकिन्छ ।

स्थानीय७१ वर्षिय दु:खी पासवान र उनकी श्रीमती बदामीदेवी पासवानले १७ धुर जग्गा दान दिएपछि, दु:खी पासवानकै अध्यक्षतामा वि.सं. २०७९ मा 'श्री महाराज सुरमा सलहेस मन्दिर समिति' दर्ता भई मन्दिर निर्माण कार्य सुरु गरिएको थियो ।

सलहेस मधेस क्षेत्रका लोकनायक, वीर योद्धा र जननायक मानिन्छन्। विशेषगरी पासवान/दुसाध समुदायमा उनी अत्यन्त श्रद्धाका साथ पुजिन्छन्। उनी सामाजिक न्याय, प्रेम र एकताको प्रतीक मानिन्छन्। सलहेससँग सम्बन्धित कथा, गीतहरू प्रसस्त रचना भएका छन् । झाँकी, नाच प्रदर्शन गरिन्छ ।

पासवान समुदायका करिब ५०देखि ६० घरको सहयोग र गाउँपालिकाको अनुदानमा मन्दिर निर्माण भइरहेको छ। प्रत्येक वर्ष बैशाख २ गते सामूहिक पूजा कार्यक्रम आयोजना गरिन्छ ।

# लागुऔषध सहित सात जना पक्राउ

विराटनगर । सुनसरी, मोरङ र झापाबाट प्रहरीले हिजो लागू औषध सहित ७ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

सुनसरीको इटहरी उपमहा नगरपालिका १७ पकली स्थितबाट इलाका प्रहरी कार्यालय पकलीबाट खटिएको प्रहरी टोलीले ईटहरी उपमहानगरपालिका ८ का ३२ बर्षीय शुसिल कुमार राजवंशीलाई ब्राउन सुगर ३०० मिलिग्राम सहित पक्राउ गरिएको थियो । यसै गरी इटहरी उपमहानगरपालिका ४ फलामे पुल स्थितबाट कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको पीआइटी समुह र इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरी टोलीले इटहरी उपमहानगरपालिका २ का ३० बर्षीय रोशन धामीलाई ब्राउन सुगर ३५० मिलिग्राम सहित पक्राउ गरेको थियो ।

झापाको कनकाई नगर पालिका ५ चाप्रमारी स्थितबाट अस्थाई प्रहरी बिट दुर्गापुरबाट खटिएको प्रहरी टोलीले झापा कमल गाँउपालिका ५ का २६ बर्षीय काले भन्ने जित बहादुर लिम्बु र दमक नगरपालिका ६ का २० बर्षीय प्रदिप रसायलीलाई ब्राउन सुगर ११ ग्राम ९७० मिलिग्राम सहित पक्राउ गरेको थियो। यसै गरी मोरङको पथरीशनिश्चरे नगरपालिका ८ स्थित कुशलचोकबाट अस्थाई प्रहरी पोष्ट कुशलबजारबाट खटिएको प्रहरी टोलीले सोही स्थानका २४ बर्षीय सुमन राईलाई ट्रामाडोल २,२१० क्याप्सुल र स्पासपेन २,३२० चक्की सहित पक्राउ गरेको थियो ।

वैशाख ३० गते दिउँसो बिषेश सूचनाको आधारमा खटिएको प्रहरी टोलीले मोरङको बुढीगंगा गाउँपालिका-२ गंगाचोकका २७ बर्षीय करन प्रधान र २१ बर्षीय अनिस परियारलाई चरेस ८ ग्राम ७५ मिलिग्राम, ट्रामाडोल र डाईक्लो माईन समेत गरी ७ हजार ९६० ट्याब्लेट सहित नियन्त्रणमा लिएको थियो ।

लागू औषध सहित पक्राउ परेका उनिहरुको थप अनुसन्धान सम्बन्धित प्रहरी कार्यालयबाट भईरहेको छ

# ४४० किलो गाँजा सहित एम्बुलेन्स नियन्त्रणमा

विराटनगर । सुनसरीको धरान उप-महानगरपालिका-१३ स्थितबाट ४ सय ४० किलोग्राम गाँजा बोकेको एम्वुलेन्स प्रहरीले नियन्त्रणमा लिएको छ ।

वैशाख २९ गते राती इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरी चेकिङ टोलीले धरान-१३ स्थितमा चेकजाँचको क्रममा को. १ च ७३५९ नम्बरको एम्बुलेन्स भित्र प्लास्टिकको बोरामा प्याक गरी राखेको ४ सय ४० किलोग्राम गाँजा बरामद गरेको हो । एम्बुलेन्समा गाँजा बरामद भएसगै चालक तथा संलग्न ब्यक्तिहरुको खोजी कार्य भईरहेको छ । उक्त एम्वुलेन्स बुढासुब्बा डाईग्नोष्टिक सेन्टर प्रा.लि. धरानद्वारा संचालित रहेको खुल्न आएको छ ।

लागूऔषधको उत्पादन, संचय, बेचबिखन ,ओसारपसार तथा सेवन गर्नु कानुन अनुसार दण्डनीय अपराध हो ।

खाना पकाउने ग्यास (एलपी ग्यास)
प्रयोगकर्ताहरुलाई सुरक्षासम्बन्धी
अति आवश्यक जानकारी

एलपी ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवम् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुर्‍याउनु हुन सम्पूर्ण उपभोक्तावर्गमा अनुरोध छ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु

- सिलिन्डर ल्याउँदा लैजाँदा नगुडाऔं । भान्सामा सिलिन्डर सधैं ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
- रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
- खाना पकाउँदा सधैं झ्याल, ढोका खुला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।
- काम सकिएपछि सधैं रेगुलेटर बन्द गर्न नबिर्सौं ।



नेपाल आयल निगम
कोशी प्रदेश कार्यालय
विराटनगर

# सुरक्षित सडकको पखाईमा जेफालेको पर्यटन

**हरिप्रसाद कोइराला**

उर्लाबारी । मोरङ जिल्ला भन्नासाथ आम नेपालीको मनमा समथर भूभाग, धान फल्ने फराकिला खेत र फाँटिलो तराईको चित्र उभिन्छ । तर यही जिल्लाको उत्तरी भेगमा यस्ता गाउँ पनि छन्, जहाँ अझै सहज सडक, स्वास्थ्य, शिक्षा र सुरक्षाको पहुँच पुग्न सकेको छैन । सुगम भनिने जिल्लाकै केही गाउँमा वर्षको आधा समय मात्र सडक सञ्चालन हुने अवस्था छ । तर यही अभाव र कठिनाइबिच उत्तरी मोरङको जेफाले आन्तरिक तथा बाह्य पर्यटकको आकर्षक गन्तव्य बन्दै गएको छ ।

प्राकृतिक सौन्दर्यले भरिपूर्ण जेफालेमा सामुदायिक होमस्टे सञ्चालनमा छ । सुविधा सम्पन्न नौ वटा घर तयार पारिएका छन् भने पर्यटकका लागि बसोवास, भोजन र स्थानीय संस्कृतिसँग परिचित गराउने पूर्वाधार विकास गरिएको छ । तर सहज सडक र सुरक्षा व्यवस्थाको अभावका कारण सम्भावनायुक्त यो गन्तव्य अझै ओझेलमै परेको छ ।

धनकुटाको भेडेटार र नाम्जेलाई समेत बिर्साउने प्राकृतिक सौन्दर्य बोकेको जेफाले पूर्वकै प्रमुख पर्यटकीय गन्तव्य बन्न थालेको छ । यहाँ निर्माण गरिएको भ्यू टावरबाट साविक पूर्वाञ्चलका १६ वटै जिल्लाको दृश्यावलोकन गर्न सकिन्छ । मौसम खुलेको बेला सगरमाथा, कञ्चनजङ्घा र मकालु हिमालका सेता शृङ्खला स्पष्ट देखिन्छन् । तलतिर तराईका फाँट, गाउँ र सहरका मनोरम दृश्यले पर्यटकलाई आकर्षित गर्छन् । समुद्री सतहबाट करिब एक हजार ९७० मिटर उचाइमा रहेको भ्यू टावरबाट सूर्योदय र सूर्यास्तको दृश्य विशेष आकर्षक मानिन्छ ।

तत्कालीन जिल्ला विकास समिति मोरङको ३६ लाख ५० हजार, धनकुटा जिविसको ५ लाख, विराट पर्यटन केन्द्र काँकडभिट्टाको २१ लाख तथा स्थानीयको करिब ८ लाख बराबरको जनश्रमदानसहित करिब ७० लाख रुपियाँ लागतमा भ्यू टावर निर्माण गरिएको हो । सिंहदेवीको बिहीबारे बजारबाट करिब तीन सय मिटर उत्तरतर्फ पुगेर एक हजार ४९ वटा सिँढी चढेपछि भ्यू टावर पुगिन्छ ।

जेफाले पर्यटन विकास समितिका सचिव भीम ठकुरीका अनुसार भ्यू टावर बनेपछि सूर्योदय र सूर्यास्त अवलोकन गर्न आउने आन्तरिक पर्यटकको सङ्ख्या बढ्दै गएको छ । पूर्व-पश्चिम राजमार्ग अन्तर्गत मोरङको खोर्सानेबाट करिब ३६ किलोमिटर उत्तरमा रहेको जेफाले डाँडाको मौसम अनौठो छ–छिनछिनमै कुहिरो लाग्ने, घाम लाग्ने र फेरि पानी पर्ने यहाँको विशेषता हो । वर्षभरि चिसो रहने मौसम नै जेफालेको मुख्य आकर्षण मानिन्छ ।

भ्यू टावरको दक्षिण-पश्चिममा रहेको पाथिभरा देवी मन्दिरले धार्मिक पर्यटकलाई पनि आकर्षित गरेको छ । वरपरका जङ्गलमा मृग, हरिण, बँदेल, खरायो र लोखर्के जस्ता वन्यजन्तु देख्न सकिन्छ । सामुदायिक वनले शिकारमा रोक लगाएपछि वन्यजन्तुको सङ्ख्या पनि बढेको स्थानीय बताउँछन् ।

जेफालेको आकर्षण केवल हिमाल र भ्यू टावरमा सीमित छैन । शान्त वातावरण, हरियाली जङ्गल, जिल्लाकै एक मात्र मातृभूमि चिया बगान तथा अदुवा, अलैंची, अम्लिसो र तेजपातले भरिएका डाँडाले यस क्षेत्रलाई थप आकर्षक बनाएको छ ।

स्थानीय लिलाबहादुर लिम्बूका अनुसार तत्कालीन जिल्ला विकास समिति मोरङ र धनकुटाले सुरुआती चरणमा विकासका केही काम गरे पनि पछिल्लो समय उल्लेख्य प्रगति हुन सकेको छैन । सुनसरी, मोरङ र धनकुटाको चौबिसे क्षेत्र समेटेर एकीकृत पर्यटन विकास गर्ने उद्देश्यले यहाँ पर्यटन सूचना केन्द्रसमेत स्थापना गरिएको छ ।

जेफालेका होमस्टेमा पाहुनालाई स्थानीय उत्पादनबाट बनेका परिकार खुवाइन्छ । हुर्रा नाचमार्फत सांस्कृतिक प्रस्तुति पनि दिइन्छ । होमस्टे सञ्चालक उमा ठकुरीका अनुसार यहाँको प्राकृतिक सौन्दर्यको प्रभावकारी प्रचार गर्न सकिए विदेशी पर्यटकसमेत आकर्षित गर्न सकिने सम्भावना छ ।

सामुदायिक होमस्टेमा एकैपटक एक सय जनासम्मलाई बस्न-खान व्यवस्था गर्न सकिने क्षमता रहेको सचिव भीम ठकुरी बताउनुहुन्छ । तर सहज सडक र सुरक्षा व्यवस्थाको अभावले पर्यटकलाई सास्ती हुने गरेको छ । स्थानीय मनोज अधिकारी भन्नुहुन्छ, "सरकारले प्रहरी चौकी र राम्रो सडक बनाइदिए जेफालेको पर्यटन आफैँ फस्टाउँथ्यो ।"

२०७६ सालमा खोर्साने-केराबारी-सिंहदेवी सडक कालोपत्रेका लागि ठेक्का लागे पनि सात वर्ष बितिसक्दा समेत निर्माण पूरा हुन सकेको छैन । जोखिमपूर्ण यात्रा अझै जारी छ ।

पहिले आफ्नै गाउँमै लिन सकिने सामाजिक सुरक्षा भत्ता लिन अहिले स्थानीयलाई २६ किलोमिटर दक्षिण केराबारी बजार झर्नुपर्ने बाध्यता छ । सार्वजनिक यातायात नचल्दा निजी सवारी साधनमै जोखिमपूर्ण यात्रा गर्नुपर्ने अवस्था छ ।

सबैभन्दा बढी समस्या ज्येष्ठ नागरिकले भोगिरहेका छन् । उकालो-ओरालो, धुलाम्मे सडक र भिडभाडयुक्त सवारीका कारण उनीहरूको यात्रा निकै कठिन बनेको छ । विकासको प्रतीक्षामा जेफाले र सिंहदेवी क्षेत्रका बासिन्दाको जीवनमा सहजताको अनुभूति अझै आउन सकेको छैन ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

# अवकाश प्राप्त प्रहरी नायब निरक्षकको विदाई



अवकाश प्राप्त प्रहरी नायव निरीक्षकहरुको विदाई

विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको सभाहलमा आयोजित एक कार्यक्रमका विच अवकाश प्राप्त प्राविधिक प्रहरी निरीक्षक महेश भट्टराई र प्रहरी नायव निरीक्षक तेज बहादुर मगरको विदाई कार्यक्रम सम्पन्न भएको छ ।

जेष्ठ ०१ गते, कोशी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक विनोद घिमिरेले ३० वर्ष सेवा अवधी पुरा गरी अनिवार्य अवकाश हुनु भएका दुवै जनालाई धन्यवाद तथा शुभकामना सहित विदाई गर्नु भएको छ । कार्यक्रममा प्रदेश प्रहरी प्रमुख घिमिरेले नेपाल प्रहरीमा रहेर ३० वर्ष सेवा अभधिभर संगठनलाई वहाँहरुले पुर्याउनु भएको योग्दानको उच्च कदर गर्दै उहाँहरूको योगदान सधैं सम्झन योग्य रहेको बताउनु भयो ।

प्रहरी जीवन केवल जागिर नभई समाज र राष्ट्रप्रतिको समर्पण भएको उल्लेख गर्दै वर्दी उतारेपछि पनि प्रहरीको जिम्मेवारी समाप्त नहुने हुँदा समाजमा शान्ति-सुरक्षा कायम राख्न अब बिना वर्दीको प्रहरी बनेर संगठनलाई सहयोग गर्न आग्रह गर्नुका साथै अवकाश पश्चातको व्यक्तिगत, पारिवारिक तथा सामाजिक जीवन सफल र सुखद रहोस् भन्ने शुभकामना व्यक्त गरेको थियो ।

कार्यक्रममा अवकास हुनु भएका प्रहरी निरीक्षक महेश भट्टराई तथा प्रहरी नायव निरीक्षक तेज बहादुर मगरले आफुहरु वर्दीबाट टाढा भए पनि प्रहरी संगठनको माया कहिल्यै कम नहुने बताउदै प्रहरी सेवामा रहँदाको जिम्मेवारी र अनुभव सहितको विदाई मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा प्रहरी वरिष्ठ उपरीक्षक योगेन्द्र सिंह थापा सहित सिनियर तथा जुनियर प्रहरी अधिकृतहरुका साथै प्रहरी कर्मचारीहरुको उपस्थिति रहेको थियो ।






## सुकुमबासीलाई...

महिनाभित्र भूमिहीन परिवारहरू को डिजिटल पहिचान, वास्तविक लाभग्राही प्रमाणीकरण, वैज्ञानिक भू-उपयोग योजना र उपयुक्त जमिन छनोट गर्न सकिन्छ । त्यसपछि नौ महिना भित्र सडक, पानी, बिजुली, ढल, इन्टरनेट र आधारभूत पूर्वाधार निर्माणसँगै स्थानीय सामग्रीमा आधारित आवास निर्माण गरेर वर्षदिन भित्र घर हस्तान्तरण गर्न सकिन्छ ।

यसका लागि पुरानो प्रशासनिक शैलीलाई विद्युतीय गतिको राष्ट्रिय कार्यसंस्कृतिले विस्थापन गर्न सक्नु पर्छ । नेपालले भूकम्पपछिको पुनर्निर्माण गर्न सक्छ भने आफ्नै नागरिकलाई सम्मानजनक जीवन दिन अझ ठूलो सङ्कल्प गर्न किन सक्दैन ? प्रश्न स्रोतको होइन, सोच र इच्छाशक्तिको हो ।

आर्थिक रूपमा पनि यो योजना पूर्णतया व्यवहारिक छ । एउटा सुरक्षित र वातावरणमैत्री घरको औसत लागत पाँच लाख रुपैयाँ मान्ने हो भने तीन लाख घर निर्माणका लागि करिब एक खर्ब ५० अर्ब रुपैयाँ आवश्यक पर्छ । पहिलो दृष्टिमा यो रकम ठूलो देखिए पनि राष्ट्रिय अर्थतन्त्रको दृष्टिले यो असम्भव लगानी होइन । नेपालले हरेक वर्ष अरबौं रुपैयाँ अनुत्पादक क्षेत्रमा खर्च गरिरहेको छ । यदि त्यही स्रोतलाई दीर्घकालीन सामाजिक तथा आर्थिक रूपान्तरणमा केन्द्रित गरियो भने यसको प्रतिफल धेरै गुणा ठूलो हुनेछ ।

अझ सबै घर महँगा कङ्क्रिट संरचनामा बनाउनुपर्छ भन्ने सोच पनि वैज्ञानिक होइन । नेपालको भूगोलअनुसार तराईमा बाँस, कम्प्रेस्ड ब्लक र स्थानीय ईँटा, पहाडमा ढुंगा, माटो, स्लेट र स्थानीय काठ प्रयोग गरेर कम लागतमा टिकाउ घर निर्माण गर्न सकिन्छ । सामुदायिक श्रमदान, स्थानीय मिस्त्री र प्राविधिक परिचालनले लागत घटाउनुका साथै समुदायमा स्वामित्व भावना पनि बढाउँछ । त्यसैले यो अभियान सरकार एक्लैले गर्ने कार्यक्रम नभई यो सम्पूर्ण राष्ट्रले मिलेर सञ्चालन गर्ने राष्ट्रिय पुनर्निर्माण अभियान बन्नुपर्छ ।

नेपालले भूकम्प, बाढी वा विपद्को बेला राष्ट्रिय एकता देखाउन सक्छ भने आफ्नै नागरिकलाई सम्मानजनक जीवन दिनका लागि किन सक्दैन ? वास्तवमा यो खर्च नै होइन । यो त नेपालको भविष्यमा गरिने सबैभन्दा महत्वपूर्ण सामाजिक आर्थिक लगानी हो । सरकारले राष्ट्रिय भूमिहीन आवास तथा पुनर्स्थापन कोष स्थापना गरेर प्रारम्भिक बजेट सुनिश्चित गर्न सक्छ । विपद् कोषमा आर्थिक सङ्कलन गरेजस्तै सरकारले यो अभियानका लागि पनि राष्ट्रिय सहयोग जुटाउन सक्छ ।

निजी क्षेत्रलाई सामाजिक उत्तरदायित्व अन्तर्गत जोड्न सकिन्छ, बैंक तथा वित्तीय संस्थालाई सहुलियत लगानीमा सहभागी गराउन सकिन्छ । अन्तर्राष्ट्रिय दातृ निकायसँग सहकार्य गर्न सकिन्छ र प्रवासी नेपालीलाई राष्ट्र निर्माणको अभियानमा योगदान गर्न प्रेरित गर्न सकिन्छ । स्थानीय तहलाई भूमि व्यवस्थापन र पूर्वाधार विकासको जिम्मेवारी दिन सकिन्छ । त्यसैले यहाँ मुख्य कुरा अर्थतन्त्रको होइन, यो त राष्ट्रिय इच्छाशक्ति, दूरदृष्टि र नेतृत्व क्षमताको हो ।

यो योजना इमान्दारीपूर्वक कार्यान्वयन गरियो भने आगामी पाँच वर्षभित्र नेपालमा ऐतिहासिक परिवर्तन सम्भव हुनेछ । खोलाकिनार र जङ्गल अतिक्रमण घट्नेछ, लाखौं रोजगारी सिर्जना हुनेछन्, वैदेशिक पलायन कम हुनेछ, योजनाबद्ध सहरीकरण सम्भव हुनेछ र सामाजिक असुरक्षा घट्नेछ । स्थानीय उत्पादन प्रणाली बलियो हुँदा आयात निर्भरता क्रमशः कम हुँदै जानेछ ।

सबैभन्दा महत्वपूर्ण कुरा, भूमिहीन समुदायलाई सहायताको आस गर्ने समूहबाट राष्ट्र निर्माणको साझेदारमा रूपान्तरण गर्न सकिनेछ । यही परिवर्तनले नेपालको आर्थिक संरचना, सामाजिक स्थिरता र राष्ट्रिय आत्मविश्वासलाई नयाँ उचाइमा पुऱ्याउन सक्नेछ । नेपालले धेरै वर्ष समस्याको चर्चा गऱ्यो; अब समाधानको इतिहास लेख्ने समय आएको छ ।

भूमिहीनता कुनै एउटा राजनीतिक दलको मुद्दा हुँदै होइन; यो सम्पूर्ण नेपाली राज्यको साझा नैतिक र ऐतिहासिक जिम्मेवारी हो । त्यसैले यो कार्यक्रम सरकार फेरिएसँगै रोकिने परियोजना हुनु हुँदैन । यो त संसद्बाट राष्ट्रिय सङ्कल्पका रूपमा पारित हुने दीर्घकालीन राष्ट्रिय अभियान बन्नु पर्छ । पारदर्शी वितरण प्रणाली, डिजिटल भूमि अभिलेख, भूमाफिया नियन्त्रण र सबै दलको साझा प्रतिबद्धता बिना यो सम्भव हुँदैन ।

यदि कुनै सरकारले यो अभियान सफलतापूर्वक कार्यान्वयन गऱ्यो भने त्यो केवल राजनीतिक उपलब्धि मात्र हुनेछैन; त्यो त नेपालको आधुनिक इतिहासकै सबैभन्दा ठूलो सामाजिक-आर्थिक रूपान्तरणमध्ये एक हुनेछ । नेपाललाई केवल सडक, भवन र भाषणले मात्र विकसित बनाउन सकिँदैन । वास्तविक विकास तब सम्भव हुन्छ, जब प्रत्येक नागरिकले सुरक्षित आवास, सम्मानजनक जीवन र उत्पादनशील अवसर प्राप्त गर्नेछन् ।

भूमिहीनलाई घर दिनु राज्यको दायित्व हो । रोजगारीसहितको एकीकृत बस्ती निर्माण गर्नु खर्च नभई राष्ट्र निर्माणको आधार हो । अब नेपालसामु एउटै प्रश्न छ, यो सरकार पनि विगतका सरकार जस्तै समस्यालाई बोकेर हिँड्ने सरकार बन्ने वा समस्यालाई अवसरमा बदल्दै सरकार बन्नेछ ? रोजाइ बालेन सरकारकै । रातोपाटीबाट

## बैशाख महिनाको उत्कृष्ठ प्रहरी घोषित



विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले इलाका प्रहरी कार्यालय लेटाङ मोरङमा कार्यरत प्रहरी निरीक्षक सागर साहलाई २०८३ साल वैशाख महिना को "सर्वोत्कृष्ट प्रहरी" घोषित गरेको छ ।

विभागीय मूल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी उच्च मनोबल र साहसका साथ आफ्नो पदीय कर्तव्य निर्वाह गर्ने क्रममा प्रहरी निरीक्षक सागर साहले विभिन्न मितिमा फैसला कार्यन्वयन अन्तर्गत उल्लेख्य संख्यामा फरार प्रतिवादी हरुलाई पक्राउ गरी सम्मानित अदालतमा उपस्थित गराएको थियो ।

प्रविधिमैत्री प्रहरी सेवा प्रवाह गर्न ड्रोन क्यामेराको माध्यमबाट अपराधको रोकथाम र अनुसन्धान गर्ने कार्य प्रभावकारी रुपमा सम्पादन गरेको, नागरिक सहायता कक्षमा डिस्प्ले बोर्ड जडान गरी सचेतनामुलक सन्देशहरु प्रवाह गर्ने कार्य गरेको, सञ्चार शाखाको निर्माण कार्य गरेको, हिरासत कक्षमा पुस्तकालय स्थापना गरी उल्लेखनिय रुपमा नवप्रवर्धनात्मक कार्यहरुलाई बढावा दिई नागरिक र प्रहरी बीचको सम्बन्ध प्रगाढ बनाउन महत्वपुर्ण भूमिका निर्वाह गरेको हुँदा प्रहरी निरीक्षकबाट सम्पादित कार्यको उच्च मूल्याङ्कन गर्दै २०८३ साल वैशाख महिना को "सर्वोत्कृष्ट प्रहरी" घोषणा गरिएको थियो ।

## निषेधित लागुऔषध सहित पाँचजना पक्राउ

विराटनगर । झापा, मोरङ र सुनसरीबाट लागू औषध सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

वैशाख २९ गते झापाको मेचीनगर नगरपालिका- ६ स्थितमा लागु औषध नियन्त्रण ब्युरो काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले दमक- ५ का मित्र सुन्दासलाई ७ ग्राम ३५० मिलिग्राम ब्राउन सुगर सहित र इलाका प्रहरी कार्यालय दमकले दमक-७ बाट पथरी शनिश्चरे-१ का दिपन लिम्बुलाइ ट्रामाडोल ३०० क्याप्सुल र डिक्लोमाईन ३०० ट्याब्लेट सहित नियन्त्रणमा लिएको थियो ।

त्यस्तै सुनसरीको ईटहरी उप-महानगरपालिका- १८ बाट कोशी प्रदेश प्रहरी कार्यालय विराटनगर (एक्स्)को प्रहरी टोलीले सोहि स्थानका सितल चौधरी र निजकै छोरा शुसान्त चौधरीलाई ३ ग्राम ४८० मिलिग्राम ब्राउन सुगर र डिजिटल तराजु १ थान सहित नियन्त्रणमा लिएको थियो ।

प्रहरी चौकी रमाइलो मोरडले कानेपोखरी गाउँ पालिक-६ का बिष्णु शेर्पालाई १ ग्राम ७१० मिलिग्राम ब्राउन सुगर सहित सोहि स्थानबाट पक्राउ गरेको हो । पक्राउ परेका उनिहरुको थप अनसुन्धान भईरहेको छ ।

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर
सवारी चालक अनुमति पत्र सम्बन्धी सचेतना मुलक सन्देशहरुः

- तपाई सवारी चालक अनुमति पत्र लिन चाहनुहुन्छ भने Online Form को लिङ्क https: applydinew.dotm.gov.np./login मा गएर आफ्नो विवरण भरी तयार भएको आवेदन Form Download गरी तोकिएको दिन सकल कागजात सहित कार्यालयमा जानुहोस् ।
- सवारी चलाउँदा सवारी चालक अनुमति पत्र जहिले पनि आफ्नो साथमा राखुहोस् ।
- सवारी चालक अनुमति पत्रको E–Copy को लागि अनिवार्य नागरिक एप प्रयोग गर्ने बानी बसालौं । नागरिक एपमा भएको सवारी चालक अनुमति पत्रलाई ट्राफिक प्रहरीबाट पनि मान्यता प्राप्त भएको छ ।
- सवारी चालक अनुमति पत्र ५ वर्षका लागि बहाल रहन्छ । म्याद सकिएको ९० दिन भित्र नजिकैको यातायात व्यवस्था कार्यालयमा गएर नवीकरण गर्नुहोस् ।
- म्याद नाधिसकेपछि ढिला गरेमा थप जरिवाना (१ वर्षमा १००%, र ५ वर्षसम्म ५००४ सम्म) लाग्न सक्छ । ५ वर्ष नाघेपछि सवारी चालक अनुमति पत्र स्वतः रद्द हुन्छ ।
- चालकले सवारी तथा यातायात व्यवस्था ऐन अनुसारका सर्तहरू पालना नगरेमा सवारी चालक अनुमति पत्र निलम्वन (६ महिनासम्म) हुन सक्छ ।
- सवारी चालक अनुमति पत्र हराएमा वा नष्ट भएमा ट्राफिक प्रहरी कार्यालयको सिफारिस समेतका आधारमा प्रतिलिपि लिन सकिन्छ । सवारीको प्रकार थप्नु परेमा वर्ग थप (ब्मम ऋबतभनयचथ) को लागि इलष्लिभ ँयच्क भरेर तोकिएको दिन कार्यालयमा जानुहोस् ।
- नवीकरण गर्दा सक्कल नागरिकता, पुरानो सवारी चालक अनुमति पत्र/रसिद आवश्यक पर्दछ ।
- सवारी चालक अनुमति पत्र हुनु भनेको जिम्मेवार हुनु हो । ट्राफिक नियम, सडक चिह र गति सीमाको अनिवार्य पालना गरी सुरक्षित यात्रा गर्नुहोस् ।
- इ-रिक्सा सम्बन्धी तपाई इ-रिक्साको लिखित परीक्षा दिन चाहनुहुन भने online Form dbL Erickshaw Koshi मा छनोट गरी त्वबब परीक्षा मात्र दिएर सवारी चालक अनुमति पत्र लिन सक्नुहुन्छ ।
- सवारी चालक अनुमति पत्रको मिति २०८२/०४/१४ भन्दा अगाडि ५ वर्ष र मिति २०८२/०४/१४ भन्दा पछाडि नयाँ सवारी चालक अनुमति पत्र लिंदा र सवारी चालक अनुमति पत्रको नविकरण गर्दा १० वर्ष अवधि कायम भएको छ ।
- सवारी चालक अनुमति पत्र सम्बन्धी सेवा लिन तपाईलाई कसैको सहयोग आवश्यक पर्दैन । स्वयं व्यक्ति उपस्थित भइ सेवा प्राप्त गर्न सक्नुहुन्छ । लाइसेन्स सम्बन्धी सेवा लिंदा सरकारले तोकेको शुल्क भन्दा बढी रकम कसैलाई पनि नदिनुहोला । आफुले तिरेको रकमको बिल अनिवार्य लिनुहोला ।

कर तिरौं, राजश्व बढाऔं
कर तिर्नु कानुनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं मतिलो छानेर बिल मागौं अधिकार ठानेर ।
अन्तरिक राजश्व कार्यालय विराटनगर